# होमस्टे बढे, पुग्दैनन् पर्यटक



तस्बिर : रेखीराम राना

**होमस्टे सञ्चालनसम्बन्धी तालिममा सहभागी महिला ।**

**तानसेन समाचारदाता**
*तानसेन, मङ्सिर २० गते*

पाल्पाका विभिन्न स्थानमा सञ्चालित घरबास (होमस्टे) ले पर्यटक आकर्षित गर्न सकेका छैनन् । जिल्लाका विभिन्न स्थानमा होमस्टेको सङ्ख्या थपिँदै गए पनि तिनले पर्यटक आकर्षित गर्न सकेका छैनन् ।

जिल्लाको पूर्वखोला, रम्भा, तिनाउ, तानसेन र निस्दीमा स्थानीय पालिकाको उत्प्रेरणा र सहयोगमा होमस्टे सञ्चालनमा आएका छन् । जिल्लाका पाँच स्थानमा सञ्चालित होमस्टेमा वर्षभरिमा दुई हजार पनि आन्तरिक तथा बाह्य पर्यटक पुग्न सकेका छैनन् ।

जिल्लाभर हाल पाँच वटा होमस्टेमा सञ्चालन भए पनि वर्षभरिमा मुस्किलले एक हजार पर्यटक पुग्ने गरेका छन् । सुरुमा पर्यटक होमस्टेमा पुगे पनि पछि पुनः फर्केर जान सकेका छैनन् । होमस्टेमा पर्यटकले सोचे अनुसारको मौलिकता, मनोरञ्जन, बसाइ, खानपिन तथा अन्य सेवा पाउन नसकेको प्रतिक्रिया दिने गरेका छन् ।

होमस्टेमा जाने सडक पूर्वाधारका कारण पनि ती स्थानमा पर्यटक पुग्न नसकेको पुराना पर्यटन व्यवसायी मनमोहन श्रेष्ठले बताउनुभयो । होमस्टेमा आफ्नै मौलिक संस्कृतिको प्रदर्शन, स्थानीय उत्पादनका खाजाखानाको व्यवस्था, सरसफाइ तथा मौलिक दृश्यावलोकन स्थल बनाउन नसकेको उहाँले बताउनुभयो ।

जिल्लाका तानसेन नगरपालिका, तिनाउ, रम्भा, माथागढी र पूर्वखोला गाउँपालिकाले होमस्टे सञ्चालनका लागि हरेक वर्ष रकम खर्च गरेका छन् । होमस्टे सञ्चालनका लागि तानसेन नगरपालिकाले बौघागुम्हा र छापगाउँमा लगानी गरेको छ । यस्तै तिनाउले जन्तीलुङ, माथागढीले ओलेस, पूर्वखोलाले जल्पा ढोलीमारा, रम्भाले फोक्सिङकोट र निस्दीले खाँदरमा लगानी गरेको छ ।

पालिकाले स्थानीय समूहका मानिसलाई होमस्टेबारे तालिम दिने, बिउपुँजी दिने, होमस्टे सञ्चालनको सिकाइका लागि भ्रमणमा लैजाने गरेको छ । पालिकाले हरेक वर्ष जसो लगानी गरे पनि पाल्पाका कुनै पनि स्थानमा होमस्टे निरन्तर र व्यावसायिक रूपमा चल्न नसकेको संस्कृतिका जानकार निर्मल श्रेष्ठले बताउनुभयो । एक पटक आउने पर्यटकले खानपिन, सरसफाइ, मौलिक संस्कृति राम्रो रहेछ भन्ने नहुँदासम्म होमस्टे निरन्तर सञ्चालन हुन नसक्ने उहाँको भनाइ छ ।

एक दशकअघिदेखि जिल्लाको बौघागुम्हामा सञ्चालन भएको होमस्टे अहिले बन्द हुने अवस्थामा छ । पर्यटक पुग्न नसकेपछि नियमित सञ्चालनमा कठिनाइ भएको स्थानीय बासिन्दा टुकबहादुर थापाले बताउनुभयो ।

# छिट्टै सकियो पर्यटकीय सिजन

**कास्की समाचारदाता**
*कास्की, मङ्सिर २० गते*

पर्यटन व्यवसायीका अनुसार अक्टोबरदेखि डिसेम्बरसम्म पर्यटनका लागि 'पिक सिजन' हो तर यस पटक अघिल्लो वर्ष जस्तो पर्यटक यस क्षेत्रमा अडिन सकेका छैनन् । यस पटक पर्यटक आगमनको आकार खस्किँदै जाँदा नोभेम्बरको अन्तिम सातादेखि नै पर्यटन क्षेत्र सुस्ताउन थालेको छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्यले पर्यटकीय मौसम सुरु भएर पनि अन्त्य हुन लागेको बताउनुभयो । "यो पटक पर्यटकीय सिजन छोटो भयो । पर्यटक आए पनि लामो समय टिक्न सकेनन् । पदमार्ग पनि छोट्टिन थालेका छन् । अघिल्ला वर्षको अभ्यास हेर्ने हो भने अझै केही दिन पर्यटक आगमन उकालैलाग्दो अवस्थामा रहन्थ्यो तर यो वर्ष भने त्यो अवस्था रहेन, नोभेम्बर तेस्रो सातापछि पर्यटन क्षेत्र सुस्ताउन थालेको हो," उहाँले भन्नुभयो ।

अघिल्ला वर्ष तीन महिना चल्ने पर्यटकीय सिजन यो पटक बढीमा एक महिना मात्र चम्कियो र बाँकी समय सुस्ताएरै सकिएको उहाँको भनाइ छ । बाटो र हवाईका कारण पर्यटक आगमनमा कमी भएको उहाँले सुनाउनुभयो । मुग्लिङ–पोखरा सडकखण्ड निर्माणमा ढिलाइ हुँदा आउने पर्यटकलाई असहज हुने गरेको उहाँको भनाइ छ । "काठमाडौँबाट पोखरा आउन सडकका कारण १२/१३ घण्टा लाग्ने हुँदा पर्यटक आउन सकेका छैनन् । त्यसैमाथि खराब मौसम, हवाईमा टिकट महँगो हुनु अर्को कारण रहेको छ," उहाँले भन्नुभयो ।

पोखरा होटेल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदी होटेलको अकुपेन्सी अहिले ४० प्रतिशत रहेको सुनाउनुभयो । पोखराको पर्यटन क्षेत्रको अकुपेन्सी बिस्तारै उकालो लाग्दा एक्कासि झर्नु परेको उहाँको भनाइ छ । "अक्टोबर मध्यदेखि नोभेम्बर मध्यसम्म करिब एक महिना मात्र सिजनको अनुभव भयो । त्यो बेला ७० प्रतिशत हाराहारीमा अकुपेन्सी उक्लियो तर अहिले त ओरालो लागिसकेको छ । लामो समय आगमन हुन नसक्दा सिजन महिना दिनभन्दा बढी टिक्नै सकेन," उहाँले भन्नुभयो ।

हाल पोखरामा युरोपेली, भारतीय र आन्तरिक पर्यटक रहेको र चीनका निकै कम सङ्ख्यामा रहेको उहाँले जानकारी दिनुभयो । "स्कुलका विद्यार्थी भ्रमणमा आउने गरेका छन् । पहिलाको जस्तो विदेशी पर्यटक सिजनको बेलामा पनि अहिले छैनन् । विभिन्न कारणले गर्दा पनि बाह्य पर्यटकको सङ्ख्यामा कमी आएको छ," उहाँले भन्नुभयो ।

# खेतीयोग्य माटोमा अम्लीयपना धेरै



**बनेपा समाचारदाता**
*बनेपा, मङ्सिर २० गते*

काभ्रेपलाञ्चोकको खेतीयोग्य जमिनको माटोमा अम्लीयपना बढी देखिएको छ । कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकले जिल्लाका विभिन्न स्थानमा गरेको माटो परीक्षणका क्रममा जिल्लाको माटोमा अम्लीयपना बढी देखिएको हो ।

कार्यालयले विश्व माटो दिवसको अवसर पारेर बिहीबार आयोजना गरेको सरोकारवालासँगको अन्तर्क्रियामा कार्यालय प्रमुख कुलप्रसाद दवाडीले कार्यपत्र प्रस्तुत गर्दै पाँचखाल, धुलिखेल, मण्डनदेउपुर, नमोबुद्ध नगरपालिकालगायतका स्थानीय तहबाट सङ्कलन गरेको १५ वटा माटोको पिएच मापक गर्दा १४ वटामा अम्लीयपनाको मात्रा बढी भएको देखिएको र एउटामा तटस्थ देखिएको बताउनुभयो ।

परीक्षणका लागि लिइएको माटोमध्ये नौ वटा माटोमा नाइट्रोजनको मात्रा मध्यम, तीन वटामा कमी, दुई वटामा अत्यधिक पाइएको छ । यस्तै लिइएका नमुनामा आठ वटामा फस्फोरसको मात्रा अत्यधिक, चार वटामा उच्च, तीन वटामा न्यून फोस्फोरस, पाँच वटामा पोटासको मात्रा उच्च, पाँच वटामा अति उच्च, तीन वटामा मध्यम र दुई वटामा पोटासको मात्रा न्यून देखिएको दवाडीले बताउनुभयो । उहाँले जिल्लाको पनौती नगरपालिकामा विसं २०७८ मङ्सिरमा गरिएको १९२ वटा माटोको नमुना परीक्षणमा १०९ वटामा प्राङ्गारिक पदार्थ कम, ७१ वटामा मध्यम र १२ वटा अधिक, ९१ वटामा नाइट्रोजनको मात्रा कम, ७१ वटामा मध्यम, ३० वटामा कम, १९२ नमुनामध्ये १६ वटामा फस्फोरसको मात्रा कम, १६ वटामा मध्यम र १६० वटामा अधिक, ७० वटामा पोटासको मात्रा कम, ८१ वटामा मध्यम र ४१ वटामा पोटासको मात्रा अधिक रहेको बताउनुभयो ।

उहाँले पनौतीमा गरिएको पिएच मान परीक्षणमा १८० वटामा अम्लीयपना बढी, १२ वटामा तटस्थ देखिएको बताउनुभयो । उहाँले सरकारले जिल्लामा गरेको डिजिटल स्वायल म्याप अनुसार जिल्लाका अधिकांश स्थानीय तहमा रहेको माटोमा प्राङ्गारिक मात्रा राम्रै रहेको, अम्लीयपना बढी, नाइट्रोजनको मात्रा कम, फस्फोरसको मात्रा अत्यन्त कम र पोटासको मात्रा मध्यम देखाएको बताउनुभयो ।

बागमती प्रदेश सरकारले २०७८ मा गरेको तीन हजार ६९६ वटा माटोको नमुना परीक्षणबाट ८४ प्रतिशत माटोमा अम्लीयपना, छ प्रतिशत तटस्थ र १० प्रतिशत क्षारीय देखिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय प्रमुख दीपककुमार गौतमले माटोमा रहेको अम्लीयपना घटाउनका लागि तल्लो तहसम्म रहेका किसानलाई प्राङ्गारिक मलको प्रयोगबारे जनचेतना फैलाउनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा रेसम खेती विकास कार्यालयका प्रमुख कृष्ण धितालले किसानलाई प्राङ्गारिक मलतर्फ आकर्षित गर्नका लागि विभिन्न किसिमका कार्यक्रम अघि बढाउनुपर्ने बताउनुभयो ।

---


नेपाल सरकार
गृह मन्त्रालय

## नेपाल प्रहरी प्रधान कार्यालय

**(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौँ ।

### नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२१ गते ।**

नेपाल प्रहरीमा **जनपद** प्रहरी समूहतर्फ रिक्त **प्रहरी जवान** र **प्रहरी कार्यालय सहयोगी** पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट रु.१०।- को टिकट टाँसी (स्वयं उपस्थित भई) दरखास्त आह्वान गरिन्छ ।

१. **आवश्यक माग पद सङ्ख्या :-**

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ०३ (०८१/८२) | प्रहरी जवान (जनपद) | ६२८ | २३ | १०३ | १६५ | १४४ | ७७ | २५ | **११६५** |
| २. | ०४ (०८१/८२) | प्रहरी कार्यालय सहयोगी (**भान्छे**) | २५ | १ | ५ | ६ | ६ | ३ | १ | **४७** |
| ३. | ०५ (०८१/८२) | प्रहरी कार्यालय सहयोगी (**कुचीकार**) | ६ | - | १ | २ | १ | १ | - | **११** |

२. **दरखास्त फाराम दर्ता मिति** :- २०८१/०८/२७ गतेदेखि २०८१/१०/०७ गतेसम्म, समय विहान १०:०० बजेदेखि कार्यालय समयसम्म, (सार्वजनिक बिदाको दिन बाहेक) ।

३. **दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू :-**

| क्र.सं. | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | प्रहरी जवान (जनपद) र प्रहरी कार्यालय सहयोगी | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ** । | ९८५२०९०१८० |
| | | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) । | ९८५४०९०६०० |
| | | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली** । | ९८५४०४१७३३ |
| | | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की** । | ९८५६०६८१२१ |
| | | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही** । | ९८५७०९०४४४ |
| | | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगञ्ज, बाँके**) । | ९८५८०९०११५ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी** । | ९८५८४९००८४ |
| | | जिल्ला प्रहरी परिसर, **काठमाडौँ** । | ९८५१२८३०१२ |
| | | जिल्ला प्रहरी परिसर, **ललितपुर** । | ९८५१२९४५५५ |
| | | जिल्ला प्रहरी परिसर, **भक्तपुर** । | ९८५१२८३०२० |
| | | जिल्ला प्रहरी कार्यालय, **(सबै)** । | सम्बन्धित जि.प्र.का.हरू |

४. **दरखास्त दस्तुर :-**

| क्र.सं. | पद | दस्तुर |
|---|---|---|
| १. | प्रहरी जवान (जनपद) | दरखास्त फारामसाथ दस्तुर बापत रु.३०० (तीन सय) बुझाउनु पर्नेछ । साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.६०) का दरले थप दस्तुर लाग्नेछ । |
| २. | प्रहरी कार्यालय सहयोगी | दरखास्त फारामसाथ दस्तुर बापत रु.२०० (दुई सय) बुझाउनुपर्नेछ । साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.४०) का दरले थप दस्तुर लाग्नेछ । |

५. **उमेर हद :-**

| क्र.सं. | पद | उमेरको हद |
|---|---|---|
| १. | प्रहरी जवान (जनपद) | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको ।<br>• बहालवाला श्रेणीविहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनुपर्नेछ । |
| २. | प्रहरी कार्यालय सहयोगी | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको । |

६. **आवश्यक न्यूनतम योग्यता :-**

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| प्रहरी जवान (जनपद) | १. शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको,<br>२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>३. राजनीतिक दलको सदस्य नरहेको,<br>४. आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,<br>५. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. उचाइ, छाती र तौलः<br>(क) **पुरुष**- घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला**- घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी.<br>८. नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>९. नेपाली नागरिक । |
| प्रहरी कार्यालय सहयोगी | १. शैक्षिक योग्यता: साधारण लेखपढ गर्न जानेको,<br>२. उचाइ, छाती र तौलः<br>(क) **पुरुष**- घटीमा उचाई ५ फिट, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला**- घटीमा उचाइ ४ फिट १० ईन्च, तौल ४२ के.जी.<br>३. प्रहरी जवान (जनपद) पदका लागि क्र.सं. (२), (३), (४), (५), (६), (८) र (९) मा तोकिए बमोजिम अन्य योग्यताहरू पूरा भएको । |

७. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरू :-**
(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाही र कपाल काटेको) ५ (पाँच) प्रति ।
(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र ट्रान्सक्रिप्ट/मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद्/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।
(घ) **अमर/अशक्त प्रहरी परिवारका** हकमा अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।
(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्र ।
(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिस हुनुपर्ने । स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नुपरेको कारण उल्लेख भएको पत्र ।
(झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरूको प्रतिलिपिको पछाडि पट्टि '**सक्कल बमोजिम नक्कल ठीक छ**' भनी उम्मेदवार स्वयमले अनिवार्य रूपमा दस्तखत गर्नुपर्नेछ ।

८. **परीक्षा विधि :-**
(क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा ।
(ख) विस्तृत स्वास्थ्य परीक्षण ।
(ग) लिखित परीक्षा प्रहरी जवान पदको मात्र हुने (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**) ।
- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अङ्क कट्टा गरीने व्यहोरा जानकारी गराइन्छ ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(घ) प्रयोगात्मक परीक्षा (प्रहरी कार्यालय सहयोगी पदको मात्र हुने) ।
(ङ) अन्तर्वार्ता ।

९. **परीक्षा सञ्चालन हुने स्थान :-**

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा सञ्चालन हुने स्थान |
|---|---|---|
| १. | जि.प्र.का. ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ र सुनसरीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ** । |
| २. | जि.प्र.का. सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) |
| ३. | जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली** । |
| ४. | जि.प्र.का.गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बागलुङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की** । |
| ५. | जि.प्र.का. नवलपरासी (बर्दघाट सुस्तापूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही** । |
| ६. | जि.प्र.का. रूकुम (पूर्व), रूकुम (पश्चिम), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, जाजरकोट, दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगञ्ज, बाँके**) । |
| ७. | जि.प्र.का. बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी** । |
| ८. | जिल्ला प्रहरी परिसर काठमाडौँ, ललितपुर, भक्तपुर साथै जि.प्र.का. काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | काठमाडौँ उपत्यका प्रहरी शिक्षालय, **महाराजगञ्ज, काठमाडौँ** । |

१०. **विशिष्टीकृत कार्य क्षेत्र तथा कामको प्रकृति :-**
प्रहरी कार्यालय सहयोगी पदको हकमा विशिष्टीकृत कार्य क्षेत्र र गर्नुपर्ने कामको प्रकृति समावेश गरिएको हुँदा दरखास्त फाराम पेश गर्दा फाराम साथ संलग्न ***विशिष्टीकृत कार्य क्षेत्र चयन फाराम*** समेत भरी उम्मेदवारहरूले आफ्नो इच्छा/चाहना तथा क्षमता अनुसारको कुनै १ (एक) कार्य क्षेत्र मात्र चयन गरी (✓) चिह्न लगाउनुपर्नेछ ।

| विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति | |
|---|---|
| भान्छे | प्रहरी मेशमा खाना पकाउने, भान्सा कोठा र भाँडाकुँडा लगायत अन्य सरसफाईको काम गर्नुपर्नेछ । |
| कुचीकार | कार्यालय, शौचालय, स्नान गृह लगायतका कार्यालय कम्पाउण्ड समेतको सरसफाई गर्नुपर्नेछ । |

११. **सम्पर्क मिति तथा स्थान** :- मिति २०८१/१०/२१ गते दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरूमा प्रथम चरणको **प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा तालिका प्रकाशन** गरिने तथा नेपाल प्रहरीको वेभसाईटः www.nepalpolice.gov.np मा समेत सो सम्बन्धी सूचना राखिनेछ ।

१२. **विज्ञापन सम्बन्धी विशेष सूचना :-**
सम्मानित सर्वोच्च अदालतबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०६६२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कूल पदहरूमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.२०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः**
१. आवेदकले कुनै एक दर्ता केन्द्रबाट मात्र दरखास्त फाराम दर्ता गर्नुपर्नेछ, दोहोरो दरखास्त दर्ता गरेको पाईएमा दरखास्त फाराम रद्द गरिनेछ ।
२. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
३. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी समूह तर्फको एउटै परीक्षा सञ्चालन गरीनेछ र निजहरूले प्राप्त गरेको अङ्कको आधारमा समावेशी तर्फका उम्मेदवारहरू बीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।
४. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरू साथमा लिई उम्मेदवार स्वयं उपस्थित हुनुपर्नेछ ।
५. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो सङ्ख्या समेत थप गर्न सक्नेछ ।
६. तोकिएका शर्तहरू पूरा नभएका दरखास्त फाराम जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।
७. दरखास्त फाराम रद्द भएमा दरखास्त दस्तुर फिर्ता हुनेछैन ।
८. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरूको पाठ्यक्रम नेपाल प्रहरीको वेबसाइटः www.nepalpolice.gov.np मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेबसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरू संलग्न राखी तोकिएको कार्यालयमा पेश गर्न सकिनेछ ।

**मितिः- २०८१/०८/२१ गते ।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा
नक्साल, काठमाडौँ । ०१- ५७१९९२७